**आदणिय  यस गरिमामय गाँउ सभाका अध्यक्ष महोदय एवं सभाकासदस्यज्यूहरु,**

१. नेपालको संविधान, २०७२ बमोजिम गठितकञ्चन गाँउपालिकाकोतेस्रो गाँउ सभामा गाँउपालिकाको आर्थिक वर्ष २०७५/७६ को आय र व्यायको अनुमान यस गरिमामय गाँउसभामा प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ ।

२. यस ऐतिहासिकअवसरमा लोकतन्त्र राष्ट्रियता स्वतन्त्रता र अग्रगामि परिवर्तनको लागी नेपाली जनताले गर्दै आएको विभिन्न आन्दोलन त्याग र बलिदानको स्मरण गर्दै राजनीतिक परिवर्तनको लागी जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु।साथै संघर्षको क्रममा वेपत्ता तथा घाईते हुनु भएका व्यक्ति र परिवारहरु प्रति सम्मान व्यक्त गर्दछु।

३.कञ्चन गाँउपालिकाको विशिष्ट भौगोलिक वनावट,प्राकृतिक साधन स्रोतको उपलब्धता, जातीय विविधता, निर्माण भईसकेका विकासका न्यूनतम पूर्वाधारहरु र अन्य विभिन्न पक्षहरुलाई आत्मसाथ गर्दै;गाँउपालिकाको वृहत्तर विकासको निमित्त आवश्यक गुरुयोजना (Master Plan)अनुरुपको पर्याप्त र सक्षम जनशक्तिको अभाव, स्वामित्व विहिन जग्गा जमिनमा बनेका संरचना तथा अव्यवस्थित बसोबास जस्ता समस्या र अवरोधहरुलाई चिर्दै;भौगोलिक एवं जातीय विविधता अनुरुपका पूर्वाधार एवं सामाजिक विकास नीति, योजना र कार्यक्रम तुर्जमा गरी प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न,उपलब्ध जनशक्तिको क्षमता विकास गरी परिचालन गर्न एवं सक्षम जनशक्तिलाई आकर्षित गर्न, विभिन्न किसिमका  कार्यक्रमको प्रभावकारी व्यावस्थापन, नागरिकमैत्री ढंगबाट गाँउपालिकाको संस्थागत विकास, साधन स्रोतको दिगो परिचालन तथा शहरीकरणका चुनौती सामना गर्दै; जनमत, जनइच्छा र हामी प्रतिनिधिहरुको तत्परता एवं इच्छा, शक्ति, कृषि, पशुपालन, पर्यटन क्षेत्रको उच्च सम्भावना तथा प्राकृतिक स्रोत साधनलाई अवसरका रुपमा ग्रहण गरेको छु ।

४.स्थानीय सरकारको रुपमा स्थापित यस कञ्चन गाँउपालिकाको गरिमामय तेस्रो गाँउसभामा आगामी आर्थिक वर्ष २०७५/०७६ बजेटका उद्देश्यहरु प्रस्तुत गर्न चाहन्छु।बजेटका उद्देश्यहरु निम्नअनुसार रहेका छन्।

क) कृषि भुमिमा सिँचाईको व्यावस्था गरी कृषि उत्पादनलाई वृद्धि गर्ने,
ख) पूर्वाधार निर्माणमा नमूना कार्य गर्ने,

ग) शैक्षिक सुधार र स्वास्थ्य क्षेत्रको सवलीकरण एवं स्तरीकरण गर्ने,

घ) स्वरोजगार एवं रोजगारी सृजनामा सहजीकरण गर्ने,

ङ) सामाजिकन्याय र समानता कायम गर्ने,

च) स्वच्छ वातावरण, प्रकोप न्यूनीकरण र शहरीकरणलाईव्यवस्थित गर्ने,

छ) सुशासन प्रवर्दन गर्ने,

ज) महिला सशक्तिकरण गर्ने ।

झ) राजस्वको दायरा फराकिलो वनाउने ।

५.उपरोक्त उद्देश्य हासिल गर्न नीति तथा कार्यक्रम तर्जुमा गर्दा देखि नै ध्यान पुर्याइएको छ । निम्न पद्धती अवलम्बन गरी बजेट तथा कार्यक्रमलाई जनमुखी यथार्थपरक दिगो र प्रभावकारी बनाउने प्रयास गरेको छु।

क) अन्तर सरकारी वित्तीय हस्तान्तरणको माध्यमबाट संघिय सरकार र प्रदेश सरकारबाटशसर्त एवं निशर्त अनुदान सिमा प्राप्त, र राजस्व बाडँफाडबाट प्राप्त रकम,

ख) आन्तरिक आयको अनुमान,

ग) स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट बजेट सिमा निर्धारण,

घ) समुदायस्तरबाटनागरिकका आवश्यकता र अपेक्षासंकलन,

ङ) वडा तथा टोल विकास संस्थाहरुकोभेला तथा विभिन्न सरोकारवाला निकाय सँग विभिन्न समयमा गरिएकाछलफल र अन्तरक्रिया,

च)वडाबाट प्राथमिकता सहित योजना कार्यक्रम छनौट तथा सिफारिस,

छ) बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठकमा गरिएका छलफल, विश्लेषण,

ज) प्राथमिकता क्षेत्र निर्धारण गरी बजेट विनियोजन,

६. योजना, कार्यक्रम, आयोजनाहरुलाई नागरिकको आवश्यकता र अपेक्षा अनुकुल बनाउन, सार्थक परिणाम हासिल गर्न र बजेट विनियोजनलाई सहज बनाई कार्यान्वयनमा प्रभावकारिता ल्याउन प्रस्तुत बजेट तथा कार्यक्रममा समावेश भएका योजना, कार्यक्रम तथा आयोजनाहरुको निम्न आधारमा प्राथमिकीकरण गरिएको छ ।

क) उत्पादन मूलक र छिटो प्रतिफल दिने,

ख) पुर्वाधार विकास र गरिबी न्यूनीकरणमा योगदान पुर्याउने,

ग) राजस्व परिचालनमा योगदान पुर्याउने,

घ) सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने,

ङ) स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिबृद्धि गर्ने,

च) लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिबृद्धि हुने,

छ) दिगो विकास र वातावरण संरक्षणमा योगदान पुर्याउने,

ज) प्रम्परागत संस्कृति र जातीय पहिचान प्रबर्दन गर्ने,

झ) नागरिक स्तरबाट उठान भएका आवश्यकता एवं अपेक्षाहरुको संवोधन,

ञ) वडा समितिका सिफारिस ।

७.प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न नीति तथा आधारहरुलाईआत्मासाथ गरेको छु ।

क)संवत् २०७५ साल असार ५ गतेका दिन गाँउ सभाले पारित गरेको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम,

ख) संघिय र प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट,

ग) नेपालको संविधान, २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,

घ) नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु,

ङ) नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास,प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार र भाग १९ को आर्थिक कार्य प्रणाली,

च) नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,

छ) संघीय र प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथाप्राथमिकताहरु,

ज) संघीय र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,

झ) नेपालले अन्तराष्ट्रीय जगतमा जनाएका प्रतिबद्धताहरु,

ञ) स्थानीय सरकार संचालन ऐन २०७४ तथा स्थानीय शासन सञ्चालन संबन्धी ऐन, निर्देशिका तथा परिपत्रहरु

ट) स्थानीय तहका सम्वन्धमा भएका अध्ययन प्रतिवेदनहरु

ठ) विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा

समावेशी विकास,बाल मैत्रीस्थानीयशासन, वातावरण मैत्री स्थानीय शासन, पूर्ण सरसफाई एवं उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु,

ड)संघिय र प्रदेश सरकारका विषयगत एवं क्षेत्रगत नीतिहरु,

ढ) समुदाय, टोल, वस्ती स्तरमा भएका छलफल, सर्वदलिय तथा सर्वपक्षिय छलफल नागरिक स्तरबाट उठान भएका आवश्यकता एवं अपेक्षा टोल बिकास संस्थार वडा समितिका सिफारिस ।

८.चुनौतिहरु

क)संघीयता कार्यान्वयनको यस चरणमा स्थानीय सरकारका सवै आयामहरु अभ्यासमा आईसकेका छन्।सिहंदरबारको अधिकार घरघरमा पुर्याउने सोच अनुरुपको सेवा सुविधा एवं विकासको अनुभुति गराउने कार्य तिव्र र शिघ्र हुन सकिरहेको छैन।

ख) राज्यको पुनर्संरचना सँगै स्थानीय सरकारका रुपमा स्थापित भैसकेको अवस्थामा विकासप्रति जनताको ह्वात्तै बढेको चाहना पुरा गर्नु चुनौतिपूर्ण छ।

ग) स्थानीय स्रोत साधनको उचित परिचालन गरी स्थानीय सरकारको आन्तरिक क्षमता विकास ।

घ) सबै प्रकारका भेदभाव र छुवाछुत अन्त्य गरी सामाजिक न्याय र समानतामा आधारित समाजको स्थापना गर्नु ।

ङ) संघ प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्ध बलियो बनाउने आधारको रुपमा लिईएको सहकारिता सहअस्तिव्व र समन्वयको सिद्धान्त बमोजिम संचालनमा कठिनाई।

च)संविधानले निर्दिष्ट गरे बमोजिम स्थानीय सरकारका अधिकार र कार्यहरु सिमित साधन स्रोत र बढ्दो जनआकङ्क्षा ।

छ)सक्षम र सुदृढ स्थानिय सरकारका रुपमा यस कञ्चन गाउँपालिकालाई स्थापित गर्न उपयुक्त संगठन संरचना जनशक्ति व्यवस्थापन गरी समन्वयात्मक रुपमा अगाडि बढ्दा अपेक्षित कार्य हुन नसकेको ।

ज) सबै किसिम तह र स्वरुपका भष्टाचारजन्य क्रियाकलाप निवारण गरी स्वच्छ सभ्य सु-संस्कृत र सदाचारयुक्त स्थानीय सकारका रुपमा परिचित हुनु छ।

झ) नीजि तथा सहकारी क्षेत्रसंगको सहकार्यमा आर्थिक विकासका क्रियाकलाप द्रुत गतिमा अगाडि बढाई स्वाधिन र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदानगर्ने कार्य ।

ञ) छिमेकि स्थानीय तहसंग असल सम्बन्ध र साझेदारी कायम गर्दै सेवाप्रवाह र विकास निर्माणमा प्रतिस्पर्धात्मक रुपमा अगाडि बढ्नु ।

ट)बढ्दै गईरहेको बेरोजगारी समस्या समाधानका लागी यस गाउँपालिका भित्र उद्यमशिलता प्रबर्धन तथा स्वरोजारका कार्यक्रमहरु संचालनद्धारा आत्मनिर्भरता विकास गर्न प्रदेस तथा संघिय सरकारसंग समन्वयात्मक रुपमा अगाडी बढ्नु ।

ठ) यस गाउपालिका भित्रका अधिकासं जनताको पेशा कृषि भएको हुदा यस क्षेत्रलाइ व्यवसायिक प्रतिस्प्रर्धि र आत्मनिर्भर बनाउन आवश्यक पहल र सहयोगको खाँचो ।

ड) संविधानले स्थानीय सरकारलाई तोकिदिएको क्षेत्राधिकार र साधनस्रोतको दायराभित्र रहि लोकतन्त्रलाई स्थानीय स्तरदेखि नै संस्थागत विकास गर्ने मार्गमा थुप्रै जटिलताहरु देखिन्छन्।यद्यपि जटिलताको उपयुक्त ढङ्गले सम्बोधन गर्दै अगाडि बढ्नुको विकल्प नभएको हुदा समृद्ध कञ्चन खुसी कञ्चनबासीको लक्ष्य पुरा गर्न आवश्यक सहयोग साथ र सद्भाव आवश्यकता।

ढ)जनताको लामो समयको संघर्ष बाट स्थापित भएको यस स्थानीय सरकारप्रति त्यत्तिकै मात्रामा जनअपेक्षा हुनु स्वभाविक नै भएको हुदा विद्यमान चुनौतिहरुलाई अवसरमा बदल्न आवश्यक क्षमता विकास गर्नु नै पर्ने हुन्छ। त्यसको लागी सबै पक्ष र क्षेत्रको सहयोग, साथ, समन्वय र सहकार्य निरन्तर आवश्यक ।

९. अब म चालु आर्थिक बर्षको संशोधित आय र व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु। चालु आर्थिक वर्षमा आन्तरिक राजस्व जेष्ठ मसान्त सम्मको यथार्थ रु. ८९ लाख ७ हजार र गत आ.व. को संचित बचत रु. ७४ लाख २८ हजार ३ सय १० जम्मा आन्तरिक आम्दानी रु. १ करोड ६३ लाख ३५ हजार ३ सय १० रुपैयाँभएको छ।त्यसैगरी अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत संघिय सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान रु. १५ करोड ९१ लाख ६३ हजार, संघिय सरकारबाट सशर्त अनुदान रु.१० करोड २२ लाख २० हजार, सामाजिक सुरक्षा भत्ता अनुदान रु.४ करोड ७९ लाख २५ हजार १ सय ५, र अन्य अनुदान रु. १० लाख ६० हजार गरी जम्मा रु.३२ करोड ६७ लाख ३ हजार ४ सय १५ रहेको छ। त्यसैगरी रु.१ करोड ९० लाख ५६ हजार बराबरको जनसहभागिता सहित जम्मा आम्दानी रु. ३४ करोड ५७ लाख ५९ हजार ४ सय १५रुपैयाँरहेको संशोधित अनुमान छ।

माथि उल्लेखित आम्दानी मध्ये खर्च तर्फ चालु तर्फ रु. २ करोड ९० लाख,सामाजिक सुरक्षा भत्ता वितरण तर्फ रु.४ करोड ७९ लाख २५ हजार १ सय ५ रुपैयाँ सशर्त अनुदान तर्फ ९ करोड ८६ लाख ५५ हजार २ सय ८५ रुपैयाँपुँजीगत तर्फ रु. १३ करोड ६१ लाख २३ हजार २५ रुपैयाँ मात्र खर्च

जनसहभागिता रु.१ करोड ९० लाख ५६ हजार भई संघिय सरकार बाट प्राप्त सशर्त अनुदान फिर्ता गर्नुपर्ने ३५ लाख ६४ हजार ७ सय १५ रुपैयाँ र संघिय सरकारबाट प्राप्त भएको बीत्तीय समानीकरण अनुदान बाट बचत अनुमान रु. १५ लाख ६३ हजार र राजस्व संकलन बाट उठेको रकम बचत रु. १ करोड ३४ लाख ३७ हजार कुल अल्या रु. १ करोड ५० लाख हुने गरीसंशोधन सहितको अनुमान गरेको छु ।यस बमोजिमको वित्तीय परिचालनबाट आर्थिक क्षेत्र अन्तर्गत कृषि,पशुपालन, पर्यटन प्रवर्दन लगायतका विषय सामाजिक क्षेत्र अन्तरर्गत शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, संस्कृति प्रवर्दन, खेलकुद, लैङ्गिक समानता, लक्षित वर्गको सशक्तिकरण, सवलीकरण र मूल प्रवाहिकरणका क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन भई उपलब्धी प्राप्त भएका छन् ।

तत् तत् क्षेत्रमा भएका विकास क्रियाकलापहरुबाट समुदायमा सकरात्मक प्रभाव देखिसकेको छ भने केही विकासका आधारहरु खडा भएका छन् तिनबाट विस्तारै उपलब्धीहरु प्राप्त हुनेछन । आय-आर्जन, जिविकोपार्जन, सचेतना र ज्ञानमा आएको अभिवृद्धिलाई दिगो बनाई राख्नु भावी दिनका चुनौती हुन् । पूर्वाधार क्षेत्र अन्तर्गत सडक निर्माण, सिंचाई सुविधा, समुदायिक भवनहरु निर्माण भएका छन् । साविकका सार्वजनिक सेवा प्रदायक स्थानीय निकायका कार्यालयहरुमा जडित प्रविधिको उपयोगले कार्यसम्पादनमा सहजीकरण गरेको छ ।

विभिन्न क्षेत्रका गैरसरकारी संघ–संस्थाहरु संगको सहकार्य र समन्वयमार्फत नागरिक स्तरमा चेतना अभिवृद्धि, आयआर्जन र जीविकोपार्जनमा टेवा पुऱ्याउने कार्यहरु भएका छन् । यस अवसरमा सबै वर्ग क्षेत्र तहबाट नागरिक हितका निमित्त भएका प्रयासहरु र सम्पादित क्रियाकलापबाट प्राप्त उपलब्धीका निमित्त हार्दिक धन्यवाद दिन चाहन्छु । कार्यसम्पादनका क्रममा देखिएका समस्या, बाधा–व्यावधान, कमी–कमजोरीलाई आत्मसाथ गर्दै आगामी दिनमा कार्यक्रम कार्यान्वयन प्रयासमा पनि निरन्तर सहयोग र सद्भावको अपेक्षा राखेको छु ।

**सभाध्यक्ष महोदय,**

१०. अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

क) करको आधार र दायरा बढाउने, कर शिक्षा अभियान रचालु आ.व.देखि एकिकृत सम्पत्ति कर लागु गर्न आधार तयार गरी २०७५ श्रावण देखी नै लागु गर्न प्रस्ताव गरेको छु ।

ख) आर्थिक विकास अन्तर्गत सशर्त अनुदानको रुपमा संघिय सरकाबाट प्राप्त कृषि तथा पशुपालनको क्षेत्रमा रु. १३ लाख १८ हजार र पर्यटनको क्षेत्रमा रु.१ लाख र सहकारीको क्षेत्रमा ५ लाख ४० हजार गरी जम्मा रु. १९ लाख ५८ हजार र यस गाउपालिकाबाट आर्थिक विकास अन्तर्गत रु. १ करोड १ लाख ५० हजार अनुमान गरेको छु । जस मध्ये कृषि तथा पशु विकास उद्योग तथा वाणिज्य सहकारी तथा वित्तीय क्षेत्रका अनुसुचिमा उल्लेखित शिर्षकहरुमा वजेट विनियोजन गरी उक्त कार्यक्रम बाट व्यवसायिक रुपमा कृषि तथा पशुपालनको क्षेत्रमा आकर्षित गरी स्वरोजगार सिर्जना गरी दुग्ध तथा मासुजन्य उत्पादन र नगदेबाली निर्यात गर्ने खालका कार्यक्रमहरुलाई आवश्यक बजेट विनियोजन गरेको छु । उद्योग तथा वाणिज्यपर्यटन विकास तथा पर्यटन क्षेत्रको रुपमा यस गाउपालिकाका दानापुर ताल ढावा ताल र ऐतिहासिक बरको रुख विकासको लागी प्रदेश सरकारको सहयोगमा प्रचार प्रसार र व्यवस्थित गर्न आवश्यक पहल गरेको छु।

ग) सामाजिक बिकास अन्तर्गत संघिय सरकारबाट सशर्त अनुदान वापत प्राप्त भएको ११ करोड ३९ लाख ३ हजार मध्ये शिक्षकहरुको तलब भत्ता, कर्मचारी तलब, पढाई सिप प्रवर्दन कार्यक्रम, विद्यालय क्षेत्र विकास कार्यक्रम, विशेष शिक्षा संचालित विद्यालयको लागी अनुदान, नमुना विद्यालय सुधार गुरुयोजना अन्तर्गत भौतिक निर्माण प्राविधिक धार संचालन गर्ने विद्यालयको ल्याव व्यवस्थापन अनुदान, कक्षा ८ को परिक्षा संचालन कार्यसम्पादनमा आधारित अनुदान शिक्षण सिकाई, विज्ञान प्रयोगशाला अनुदान,क्रियाकलापमा आधारित सामाग्रि अनुदान, पानी तथा स्वास्थ्य सरसफाई सुविधा सहितको शौचालय निर्माण, सामुदायिक सिकाई केन्द्र संचालन अनुदान लगायतका कार्यक्रमको बजेट समावेश गरेको छु ।स्वास्थ्य तर्फ कर्मचारीको तलब ,भत्ता, स्थानीय भत्ता, महंगि भत्ता, फिल्ड भत्ता, पोशाक करारको तलब, कार्यालय मसलन्द सामान लागायतका अन्य खर्च आयुर्वेद स्वास्थ्य केन्द्र औषधालय तर्फका कर्मचारीको तलब, भत्ता, स्थानीय भत्ता, महंगि भत्ता, फिल्ड भत्ता, पोशाक पोषण कार्यक्रम, स्वास्थ्य चौकी सेवा सुदृढिकरण, औषधि भ्याक्सिन सेवा, सामाजिक परिक्षण रोग नियन्त्रण, अभिमुखिकरण लैङ्गिक हिंसा, खानेपानि गुणस्तर निगरानी, करारमा अनमी नियुक्ति लगायतका कार्यक्रमको लागी रु. १ करोड २७ लाख ७१ हजार, त्यसैगरी खेलकुद तथा मनोरन्जन कार्यक्रमअन्तर्गत संघिय सरकारबाट रु. १ लाख प्रदेश सरकारबाट रु.३६ लाख गरी जम्मा रु.३७ लाख र लैङ्गिक समानता तथा समाजिक समावेशिकरणका लागी रु. ८ लाख ६१ हजार गरी जम्मा रु.१३ करोड १२ लाख

३५ हजार गाउपालिका बाट शिक्षा तर्फ बाल कक्षा व्यवस्थापन, बौद्धिक अपाङ्ग कक्षा व्यवस्थापन ,सेनेटरी प्याड वितरण, विद्यालय प्रोत्साहन कार्यक्रम , विद्यालय अनुदान बाल शिक्षकहरुको लागी तालिम, भौतिक संरचना निर्माण,गाउपालिकास्तरीय खेलकुद कार्यक्रम ( विद्यालय स्तर) लगायतका कार्यक्रमका लागी रु. ७४ लाख बजेट व्यवस्था गरेको छु। स्वास्थ्य सेवा तर्फ गाउघरे क्लिनिक संचालन, खोप सुनिश्चित महिला स्वास्थ्य स्वयं सेविका खाजा निशुल्क औषधि वितरणको व्यवस्था, जनचेतना मुलक कार्यक्रम , भवन मर्मत लगायतका क्रियकलापका लागी रु. ३२ लाख २० हजार विनियोजन गरेको छु।खानेपानी तथा सरसफाई तर्फ ३८ लाख २५ हजार, संस्कृति प्रवद्धन तर्फ २० लाख ५० हजार खेलकुद तथा मनोरञ्जन तर्फ ३५ लाख लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ ६८ लाख १० हजार बजेट विनियोजन गरेको छु ।

घ) पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिई पूर्वाधार क्षेत्रमा यथेष्ट रकम विनियोजन गरेको छु ।पूर्वाधार विकास अन्तर्गत स्थानीय सडक तथा पुल कार्यक्रममा यात्रुहरुको चाप बढि भएका र बाक्लो बस्ति भएका सडकहरुमा जनसहभागितालाई समेत समावेश गरी ७०/३० कालोपत्रे योजनाको २४ वटा आयोजनाका लागी रु. ३ करोड ३३ लाख रकम विनियोजन गरेको छु। त्यसैगरी सडक कालोपत्रे ५०/५० योजना अनुतर्गत ३ वटा सडकको लागी ३३ लाख विनियोजन गरेको छु। चालु अवस्थाका सडकहरु बाह्रै महिना यातायात सेवा संचालन सहजताका लागी ९ वटा कल्भर्ट निर्माण गर्न २६ लाख बजेट विनियोजन गरेको छु। अत्यन्तै चाप भएका ५ वटा सडकहरु निर्माण गर्न ३७ लाख र अन्य साना साना सडकहरु ग्राभेल तथा स्तरोन्नती गर्न ५४ वटा सडक आयोजनाहरुका लागी रु. ९८ लाख विनियोजन गरेको छु।गाउँपालिकाको अधिकासं क्षेत्रमा चार वर्ष भित्र सिचाई सुविधा पुर्याउन भुमिगत सिँचाई र सतह सिँचाई अन्तर्गत भुमिगत सिँचाई स्यालो ट्युवेलको लागी रु. ८८ लाख ५० हजार र सतह सिचाई अन्तर्गत कोठि बाधको लागी रु. ३ लाख र कोनिया ब्लकको कुलो व्यवस्थापनको लागी रु ५० हजार गरी जम्मा रु ९२ लाख विनियोजन गरेको छु।भवन तथा सहरी विकास अन्तर्गत गाउँपालिका भवन, वडा कार्यालय भवन, जेष्ठ नागरीक भवनको लागी रु. १करोड १५ लाख विनियोजन गरेको छु।त्यसैगरी विभिन्न सरकारी तथा सार्वजनिक भवनहरु मर्मत सुधार संरचना थप, मठ मन्दिर, प्रतिक्षालयको लागी रु. २ करोड ७ लाख पचास हजार विनियोजित गरेको छु। कञ्चन गाउँपालिकाको उपयुक्त स्थानमा प्रदेश सरकारको

लगानिमा सभाहल निर्माण गर्न आवश्यक व्यवस्था मिलाएको छु।कञ्चनबासीको चाहना अध्यारो रहित कञ्चन बनाउन संघिय सरकार तथा प्रदेश सरकारले समेत यथोचित संवोधन गरेको विद्युत तथा वैकल्पिक उर्जा कार्यक्रमको लागी रु. २५ लाख बजेट विनियोजन गरेको छु।संचार अन्तर्गत गाउपालिकाका विभिन्न कार्यहरुलाई आम जनतासम्म पुर्याउने उद्देश्यले कञ्चन गाउपालिकाद्धारा संचालित वेवसाईट लाई थप व्यवस्थित गर्दै लैजाने, कञ्चन सामुदायिक रेडियो लगाएतका विभिन्न संचारका माध्यमहरुद्धारा कञ्चनलाई संचार प्रणालिसंग जोड्न आवश्यक रकम व्यवस्था गरेको छु।

ङ) २१ औ शताब्दिको बदलिदो विश्वतापमानलाई समेत मध्यनजर गरी प्राकृतिक सम्पदा, सिमसार क्षेत्र, ताल तलैया, पोखरी, वन लगायतका संरक्षणको लागी संघिय सरकारर प्रदेश सरकारले संवोधन गरी सकेको अवस्थामा सो कार्यलाई अझ थप प्रभावकारी रुपमा अगाडी बढाउन प्रयाप्त  रकम व्यवस्था गरेको छु।फोहोरमैला तथा ढल व्यवस्थापन अन्तर्गत टोल बिकास संस्थाहरुलाई परिचालन गरी कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै व्यवस्थापन गरी छुट्याएर राख्ने व्यवस्थाको लागी आवश्यक सामाग्रिको व्यवस्था गरीने र नकुहिने फोहोर र सहरी क्षेत्रमा निस्कने सबै किसिमको फोहोरलाई व्यवस्थित रुपमा विसर्जन गर्ने व्यवस्थाको लागी आवश्यक डम्पिङ साईडको पहिचान गरी विसर्जनको लागी आवश्यक बजेटको व्यवस्था गरको छु।सामुदायिक वन सिमसार क्षेत्र लगायतको संवर्धन गरी पर्यटकहरुलाई आकर्षित गर्न संघिय तथा प्रदेश सरकारसंगको सहभागितामा विभिन्न कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।कोठी तथा कञ्चन लगायतका नदी तथा खोलाहरुले प्रत्येक वर्ष गर्ने कटान नियन्त्रणको लागी संघिय तथा प्रदेश सरकारसंग समन्वय गरी कटान नियन्त्रण गर्नको लागी गाउपालिका बाट समेत थप बजेटको व्यवस्था गरेको छु।दैवी प्रकोप बाढि हावा हुरी आगलागी चटट्याङ लगायतका प्रकोपबाट पिडितलाई राहत उपलब्ध गराउन बजेटको व्यवस्था गरेको छु।विभिन्न समयमा घट्ने आगलागीका घटनाहरुलाई नियन्त्रण गर्न एक स्थानीय तहको प्रयास मात्र प्रयाप्त हुन नसक्ने हुदा छिमेकी स्थानीय तहहरुसंगको साझेदारीमा ४ वटा स्थानीय तह सैनामैना न. पा. शुद्धोधन गा. पा. गैडहवा गा. पा. समेतलाई पायक पर्ने स्थानमा केन्द्र तोकि बारुण यन्त्र संचालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

च) स्थानीय तहमा रहेका गाउपालिकाको सेवालाई चुस्त दुरुस्त बनाउन सुचना प्रविधिको प्रयोगबाट अनुगमन प्रणालिलाई थप व्यवस्थित गर्न विद्युतिय हाजिरी सि सि क्यामराको

प्रयोगबाट कर्मचारिको कामको अनुगमन मुल्याङकनका आधारमा प्रोत्साहन र पुरस्कारको व्यवस्था सुशासन प्रवद्धर्न गर्न पञ्जिकरण कार्यलाई अनलाईन प्रणालिमा जडान गरी संघीय सरकारको पन्जिकरण विभागमा लिङ्क कायम गर्ने व्यवस्थाको लागी आवश्यक बजेट कञ्चन गुरुयोजना निर्माण विभिन्न अनुसन्धान तथ विकासका लागी आवश्यक बजेटको व्यवस्था मिलाएको छु। कञ्चन गाउपालिका भित्र रहेको अव्यवस्थित बस्ति लाई लगत का आधारमा मापदण्ड तोकि जि.पि.एस. पद्धतिद्धारा नापजाच गरी अस्थायी प्रमाण वितरणका लागी आवश्यक बजेट व्यवस्था गरेको छु।

**सभाध्यक्ष महोदय,**

११.संघियता कार्यान्वयनको चरणमा गाँउपालिकाको तस्रोगाँउसभामा प्रस्तुत भईरहेको यस आय व्यायको अनुमान मस्यौदा तयारीका केहि सिमाहरु, रहेका थिए । यस्ता सिमाहरु कार्यान्वयन चरणमा पनि तेर्सिने निश्चित छ । बजेट तर्जुमा र कार्यान्वयन आफैमा चुनौतिपुर्ण जिम्मेवारी हो । यस चुनौतिको सामना गर्दै गन्तव्यमा पुग्नै पर्ने बाध्यता छ । यस्तो बाध्यात्मक अप्ठ्यारो अवस्था र चुनौति सामना गर्ने उर्जा र शक्ति जनमतले प्रदान गरेको छ । तसर्थ हामी तोकिएको गन्तव्यमा अवश्य पुग्ने छौं ।

१२. विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरु, समुदायिक वन उपभोक्ता समूहहरु, सहकारी संस्थाहरु लगायतका निकायहरु कार्यक्रमहरुलाई पनि यसै बजेटको अभिन्न अंग मानी समन्वय गरी कार्यन्वयन गरिनेछ । यसरी विभिन्न स्रोतबाट हुने आय र खर्चलाई कानूनी रुपमा बजेटका अभिन्न अङ्ग बनाउन आवश्यक कानूनी प्रक्रिया अपनाइनेछ ।

**सभाध्यक्षज्यू,**

१३. म आर्थिक वर्ष २०७५/०७६ को अनुमानित आव्यय र स्रोत व्यावस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु । प्रस्तुत बजेटको आयको ठूलो हिस्सा अन्तर सरकारी वित्तीय हस्तान्तरणअन्तर्गतसंघिय सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान बाट १० करोड ४५ लाख, संघिय सरकारबाट प्राप्त सशर्त अनुदानबाट १३ करोड १४ लाख, प्रदेश सरकारबाट प्राप्त निशर्त अनुदानबाट ४३ लाख ३२ हजार,प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानबाट ९६लाख, राजस्व बाँडफाड बाट प्राप्त अनुदान संघिय सरकारबाट ६ करोड ३८ लाख ९३ हजार, राजस्व बाँडफाड बाट प्राप्त

अनुदान प्रदेश सरकारबाट ३८ लाख २० हजार र सामाजिक सुरक्षा भत्ता अनुदान रु. ५ करोड गरी जम्मा अनुदान ३६ करोड ७५ लाख ४५ हजार रहेको छ। त्यसैगरी आन्तरिक राजस्वबाट रु.१ करोड ५० लाख,गतआर्थिक वर्षको नगद मौज्दात रु.१ करोड ५० लाखसमेत गरी आर्थिक वर्ष २०७५/०७६ को कुल आय रु. ३९ करोड ७५ लाख ४५ हजारहुने अनुमान गरेको छु ।

१४.व्यायतर्फ पूँजीगत खर्चका निमित्त रु. १३ करोड ७१लाख ५५ हजार, र जनसहभागिता /लागत सहभागिता वाट आउने रु.२ करोड २८ लाख ५८ हजार सात सय पचास मध्ये रु. १ करोड ३३ लाख ५० हजार मौद्रिक मापनमा अनिवार्य ल्याई गर्ने र जनसहभागितामा रु ९५ लाख ८ हजार ७ सय ५०समेत पुजीगत खर्चमा समावेस गरेको छु। चालु खर्चका लागी ४ करोड २७ लाख ६० हजार र कार्यक्रम खर्च तर्फ महिल विकास बालबालिका अन्य लक्षीत र विभिन्न आयमुलक तालिम र अन्य कार्यक्रम तर्फ रु. २ करोड ६६ लाख ३० हजार गरी ६ करोड ९३ लाख ९० हजार विनियोजन गरेको छु । संघिय सरकारबाट प्राप्त सशर्त अनुदानको कार्यक्रम खर्च १३ करोड १४ लाख,प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानको कार्यक्रम खर्च रु ९६ लाख र सामाजिक सुरक्षा भत्ता वितरण तर्फ रु. ५करोड तोकिएको शिर्षकमा खर्च गर्ने गरीसमावेशगरेको छु ।

राजस्वको शिर्षकगतअनुमान विवरण,संचित कोषमा जम्मा हुनेगरी विभिन्न स्रोतबाट प्राप्त हुने आय र व्ययको शीर्षकगत विवरणहरु अनुसूचीमा उल्लेख गरेको छु ।

**सभाध्यक्ष महोदय,**

१५.यो बजेटनिर्माणमा **आदणिय** गाउपालिका अध्यक्ष ज्यू वाट प्राप्त मार्गदर्शन र सुझावका लागि कृतज्ञता व्यक्त गर्दछु।यसै गरी सम्पूर्ण कार्यपालिका सदस्य ज्युहरु गाउसभाका सदस्य ज्युहरु विभिन्न विषयगत समितिका सदस्यहरु र सबै राष्ट्रसेवक कर्मचारीहरु , विभिन्न राजनीतिक दलका नेताहरु, समाजका प्रतिष्ठित व्यक्तिहरु, निजी क्षेत्रका उद्यमी व्यवसायीहरु,संचार क्षेत्र,सुरक्षा क्षेत्र लगायत समाजका सवै पक्षबाट प्राप्त सहयोगको सह्राहना गर्दै धन्यवाद दिन चाहन्छु। यसरी नै बजेट कार्यान्वयनमा सम्बद्ध सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा गर्दै बजेट वक्तव्य यहीं अन्त गर्दछु।

**धन्यवाद।**